**तुर्माखाँद गाउँपालिकाको आ.व. २०७७।०७८ को राजस्व र व्ययको अनुमान**

**सभाध्यक्ष महोदय,**

**गाउँ सभाका सदस्यहरु,**

यस गरिमामय गाउँ सभामा नेपालको संविधानको धारा २३० बमोजिम तुर्माखाँद गाउँपालिकाको आ.व.२०७७/०७८ को राजस्व र व्ययको अनुमान प्रस्तुत गरिरहदा सर्वप्रथम देश र जनताको वृहत्तर हितका निम्ति आफ्नो प्राण उत्सर्ग गर्ने ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु।

**सभाध्यक्ष महोदय,**

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन,२०७४ र आ.व. २०७७।७८ को बजेट तथा कार्यक्रम तर्जुमाको सम्बन्धमा नेपाल सरकार र सुदुर पश्चिम प्रदेश सरकारबाट प्राप्त बजेट सीमा तथा मार्गदर्शन, पन्ध्रौं योजना, दिगो विकास लक्ष्य, स्थानीय भौगोलिक तथा जनसांख्यिक अवस्था, गाउँ सभाबाट स्वीकृत आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रमको आधारमा बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ।

**सभाध्यक्ष महोदय,**

बजेट तथा कार्यक्रम तर्जुमा गर्दा देहायका विषयहरुलाई प्राथमिकतामा राखिएको छ।

- दिगो र वातावरणमैत्री पूर्वाधार विकास
- कोभिड १९ को रोकथाम, नियन्त्रण र यसबाट उत्पन्न असरहरुको न्यूनीकरण
- शैक्षिक पूर्वाधार निर्माण, शैक्षिक गुणस्तर सुधार, युवा लक्षित प्राविधिक तथा व्यवसायिक सीप विकास तालिम,
- आधारभूत स्वास्थ्य सेवामा पहुँच र गुणस्तर अभिवृद्धि
- विद्यमान सडकहरुको स्तरोन्नति
- गाउँपालिका,वडा कार्यालय र स्वास्थ्य संस्थाहरुको भवन निर्माण
- केन्द्रीय विद्युत प्रशारण लाईन विस्तार
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण
- सुशासन प्रबर्द्धन तथा संस्थागत क्षमता अभिवृद्धि

**सभाध्यक्ष महोदय,**

आ.व .२०७७/०७८ को बजेटका प्रमुख नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु।

**सडक तथा पुल**

१. संघीय र प्रदेश सरकारको स्रोत समेत परिचालन गरी हालसम्म सडकको पहुँच नपुगेका वडा नं. १ र २ को केन्द्रहरुलाई गाउँपालिकाको केन्द्रसंग सडक मार्गबाट जोड्ने कार्यलाई उच्च प्राथमिकता दिइने छ। गाउँपालिका भित्रका सडकहरुको अधिकार क्षेत्र तोकी सडकको अधिकार क्षेत्र भित्र संरचना निर्माण कार्यलाई रोक लगाइने छ। सडक निर्माण सम्बन्धी स्थानीय मापदण्ड तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

**उर्जा**

२. नेपाल विद्युत प्राधिकरणसंगको साझेदारीमा वडा नं. ८,७,६,४,५,३ मा कमलबजारबाट र रहफ, भुलु, भैरवस्थान र रानीवनका केही भूभागमा दैलेख जिल्लाबाट केन्द्रीय विद्युत प्रशारण लाइन विस्तार गर्न पहल गरिनेछ। केन्द्रीय विद्युत प्रशारण लाइन विस्तारका लागि रु एक करोड बजेट विनियोजन गरिएको छ।

**भवन तथा शहरी विकास**

३. गाउँपालिका,वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालय भवनहरुको भवन निर्माण कार्यलाई प्राथमिकता दिइनेछ। लागत साझेदारीमा गाउँपालिका भवन निर्माण गर्न संघीय सरकारलाई अनुरोध गरिनेछ। गाउँपालिका भवन निर्माण कार्यका लागि रु एक करोड पचास लाख बजेट विनियोजन गरिएको छ। आगामी आ.व. मा ४,७ र ८ नं. वडा कार्यालयहरुको भवन निर्माण सम्पन्न गरिनेछ। आ.व. २०७७/०७८ मा संघीय र प्रदेश सरकारको स्रोत समेत परिचालन गरी प्रत्येक वडामा कम्तीमा एक विद्यालय भवन निर्माणका लागि बजेट व्यवस्था गरिएको छ। क्रमागत अवस्थामा रहेका विद्यालय भवनहरुको निर्माण सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गरिएको छ।

**कृषि तथा पशुपंक्षी**

४. संघीय र प्रदेश सरकारसंगको लागत साझेदारीमा बाख्रा, भैंसी र सम्भाव्य खाद्य वस्तुहरुको पकेट विकास कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरिएको छ। चालु आ.ब. बाट शुरु गरिएको कृत्रिम गर्भाधान सेवालाई विस्तार गर्दै लगिनेछ। कृषकहरुको तथ्यांक अद्यावधिक गरी कृषक दर्ता कार्यको थालनी गरिनेछ। सबै वडामा लागत साझेदारीमा बीउ बीजन, फलफूलका विरुवा वितरण गरिनेछ। कृषि र पशु बीमा कार्यलाई प्रोत्साहन गरिनेछ। बाख्रा स्रोत केन्द्रको स्थापनाका लागि रु अठार लाख बजेट विनियोजन गरिएको छ।

**सहकारी**

५. गरिवी निवारण कोषद्वारा प्रबर्द्धित सामुदायिक संस्थाहरुको सहकारीकरण गरिनेछ। सहकारी संस्थाहरुको क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरी संस्थागत सुशासन अभिवृद्धि गरिनेछ। सहकारी संस्थाहरुको एकीकरणलाई प्रोत्साहन गरिनेछ।

**रोजगारी**

६. कोभिड १९ को कारण प्रभावित स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउन प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत पारिश्रमिकमा आधारित सामुदायिक विकास आयोजना र युवा रोजगारीका लागि रुपान्तरण पहल

कार्यक्रममार्फत सूचीकृत बेरोजगारहरुलाई रोजगारी प्रदान गरिनेछ।उपभोक्ता समिति मार्फत सञ्चालन हुने आयोजनाहरुमा श्रममूलक प्रविधिको प्रयोग गरिनेछ।सडक मर्मत तथा स्तरोन्नति कार्यमा अधिकतम् रुपमा श्रममूलक प्रविधिको प्रयोग गरिनेछ।कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायिकीकरणमा जोड दिइनेछ।

## शिक्षा, युवा तथा खेलकुद

७. नयाँ पक्की विद्यालय भवनहरुको निर्माणका साथै विद्यालय भवनहरुको मर्मतको व्यवस्था मिलाइने छ।विद्यालयहरुमा फर्निचर व्यवस्थापनका लागि रु बत्तीस लाख बजेट विनियोजन गरिएको छ।विद्यालय शिक्षा अनुदान कार्यक्रमलाई आवश्यक परिमार्जन सहित निरन्तरता दिन रु एक करोड पन्ध्र लाख विनियोजन गरिएको छ।आवश्यकताका आधारमा विद्यालय र बालविकास केन्द्रहरु मर्ज र Downsizing गरिनेछ।विद्यालयहरुको अनुगमन मूल्यांकनलाई प्रभावकारी बनाई निश्चित मापदण्डको आधारमा मूल्यांकन गर्ने परिपाटी विकास गरिनेछ।गाउँ शिक्षा समिति गठन गरी क्रियाशील बनाइनेछ।प्राविधिक शिक्षा सञ्चालनका लागि रु पन्ध्र लाख अनुदान उपलव्ध गराइनेछ। युवा लक्षित सिप विकास तालिम कार्यक्रमहरु सञ्चालन गरिनेछ।

## स्वास्थ्य

८. स्वास्थ्य सेवाको गुणस्तर र पहुँच अभिवृद्धि गरिनेछ।सामुदायिक स्वास्थ्य इकाई भुलु, भैरवस्थानको च्युराखाँद र तुर्माखाँदको जैसुरमा वर्थिङ सेन्टर, धमाली र रहफ स्वास्थ्य चौकीमा ल्याव स्थापनाका लागि बजेट विनियोजन गरिएको छ।धमाली स्वास्थ्य चौकीका लागि एम्बुलेन्स खरिद र विद्यमान एम्बुलेन्सहरुको सञ्चालनको लागि बजेट विनियोजन गरिएको छ।महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई मासिक एक हजारका दरले प्रोत्साहन रकम उपलव्ध गराइने छ।स्वास्थ्य संस्थाहरुमा फर्निचर व्यवस्थापनका लागि रु दश लाख बजेट विनियोजन गरिएको छ।औषधि उपचार सहायता कार्यक्रमलाई निरन्तरता दिइएको छ।कोभिड १९ को रोकथाम, नियन्त्रण तथा उपचारमा खटिने जनशक्तिका लागि जोखिम भत्ताको व्यवस्था गरिने छ।प्रजनन स्वास्थ्य कार्यक्रम र स्वास्थ्य शिविर सञ्चालनका लागि बजेट विनियोजन गरिएको छ।बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन गर्न बजेट व्यवस्था गरिएको छ।

## खानेपानी तथा सरसफाई

९. ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना अन्तर्गत आ.व. २०७७/०७८ मा रिठा जैसुर खानेपानी तथा सरसफाई योजना, शिवजी बगलदेव खानेपानी तथा सरसफाई योजना, सेलघाडी लकान्द्र खानेपानी तथा सरसफाई योजना, घियाबाडा बुडिना खानेपानी तथा सरसफाई योजना, गोगनपानी खानेपानी तथा सरसफाई योजना, कुकुडेखोला मष्टामाण्डौ खानेपानी तथा सरसफाई योजना, कुनिगडा दाडे खानेपानी तथा सरसफाई योजना, सेलाबगर दाहा सिचाई योजना, नथखोला रानीडम्म सिचाई योजनाको निर्माण कार्य सम्पन्न गरिनेछ। रुन्टी खानेपानी तथा सरसफाई योजना, भिर्केछडा खानेपानी तथा सरसफाई योजना, निगाने कोटबाडा खानेपानी तथा सरसफाई योजना, भाडेगडा जुकेपानी जलुकेपानी खानेपानी तथा सरसफाई योजना, तल्लो बसान बहुउद्देश्यीय योजना, सेलघाडी रिसुवान बहुउद्देश्यीय योजनाहरुको निर्माण कार्य थालनी गरिनेछ।

१०.खानेपानी योजनाहरुको दिगो सञ्चालन तथा मर्मत सम्भारका लागि नीतिगत व्यवस्था गरिनेछ।खानेपानी संरचनाहरुको मर्मतको लागि रु बत्तीस लाख बजेट विनियोजन गरिएको छ। खानेपानी,सरसफाई तथा स्वच्छता समिति गठन गरी क्रियाशील बनाइनेछ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

११.लक्षित वर्गको सहभागितामा वडा स्तरदेखि नै लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ।

**वन तथा भूसंरक्षण**

१२. वन तथा वातावरणको संरक्षणलाई प्राथमिकता दिइनेछ।

**विपद व्यवस्थापन**

१३.भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी तालिम सञ्चालन गरिनेछ। भवनको नक्सा पास गर्ने कार्यको थालनी गरिनेछ।कोभिड १९ को रोकथाम, नियन्त्रण र उपचार तथा अन्य विपदहरुको व्यवस्थापनका लागि बजेट विनियोजन गरिएको छ ।

**सुशासन तथा संस्थागत विकास**

१४.आन्तरिक राजस्वका दरहरुको समसामयिक रुपमा पुनरावलोकन गरिएको छ। राजस्वको दायरा विस्तार गरिनेछ।राजस्व संकलन, जिन्सी व्यवस्थापन, व्यक्तिगत घटना दर्ता, हाजिरी, योजना प्रणालीलाई विद्युतीय प्रविधिको प्रयोग गरी व्यवस्थित गरिनेछ। जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ।वडा कार्यालय र शाखा / इकाईहरुको कार्यसम्पादन मूल्यांकन गरी प्रोत्साहन गर्ने नीति लिइनेछ।सामाजिक सुरक्षा भत्ता सम्बन्धी अभिलेखहरु अद्यावधिक गरी भत्ता वितरण कार्यलाई थप पारदर्शी बनाइनेछ।

**सभाध्यक्ष महोदय,**

विभिन्न विषय क्षेत्र/ उपक्षेत्र अन्तर्गत देहाय बमोजिम कूल एकावन्न करोड चौसठ्ठी लाख अठहत्तर हजार आठ सय एकचालिस रुपैंया बजेट विनियोजन गर्न प्रस्ताव गरिएको छ।

| समिति | क्षेत्र/उपक्षेत्र | जम्मा | प्रतिशत |
|---|---|---|---|
| सुशासन तथा संस्थागत विकास | सुशासन तथा संस्थागत विकास | ५९८९००० | १.१६ |
| | चालु तथा प्रशासनिक | ७७३४४३०० | १४.९८ |
| पूर्वाधार विकास | सडक तथा पुल | २८३७०००० | ५.४९३ |
| | उर्जा | १०००००००० | १.९३६ |
| | भवन तथा सहरी विकास | ७७६१६००० | १५.०३ |
| | सिचाई | १०६७०००० | २.०६६ |
| | अन्य पूर्वाधार | २५१०००० | ०.४८६ |
| सामाजिक विकास | शिक्षा, युवा तथा खेलकुद | १६१४१३००० | ३१.२५ |
| | स्वास्थ्य | ५७६३५४९० | ११.१६ |
| | खानेपानी तथा सरसफाई | ५०२३२२०१ | ९.७२६ |
| | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | ४०८४००० | ०.७९१ |
| | संस्कृति | १००००० | ०.०१९ |
| आर्थिक | कृषि | ९७८७५४० | १.८९५ |
| | पशु | ८७८३३१० | १.७०१ |
| | सहकारी | ७००००० | ०.१३६ |
| | उद्योग | ३५००००० | ०.६७८ |
| | पर्यटन | २१००००० | ०.४०७ |
| वन, वातावरण तथा विपद | वन तथा भूसंरक्षण | १८६०००० | ०.३६ |

| | | | |
|---|---|---|---|
| व्यवस्थापन | विपद व्यवस्थापन | ३७८४००० | ०.७३३ |
| जम्मा | | ५१६४७८८४१ | १०० |

**सभाध्यक्ष महोदय,**

माथि प्रस्तु नीति तथा कार्यक्रम कार्यान्वयनका लागि देहायका स्रोतहरुबाट बजेट व्यवस्थापन गर्न प्रस्ताव गरेको छु।

| **क्र.सं.** | **स्रोत** | **रकम रु** |
|---|---|---|
| १ | आन्तरिक स्रोत | १५००००० |
| २ | आ.व. २०७६/०७७ को अ.ल्या.अनुमान | ३२०७६२०१ |
| ३ | संघीय सरकार वित्तीय समानीकरण अनुदान | ९४७००००० |
| ४ | संघीय सरकार राजस्व बाँडफाड | ८७१८९६४० |
| ५ | प्रदेश सरकार वित्तीय समानीकरण अनुदान | ६९९६००० |
| ६ | प्रदेश सरकार राजस्व बाँडफाड | १७८१००० |
| ७ | संघीय सरकार विशेष अनुदान | २०००००० |
| ८ | सशर्त अनुदान संघीय सरकार | २४८७००००० |
| ९ | प्रदेश समपूरक अनुदान | १६८३६००० |
| १० | प्रदेश विशेष अनुदान | ६७००००० |
| जम्मा | | ५१६४७८८४१ |

राजस्व र व्यय सम्बन्धी विस्तृत विवरण अनुसूचीहरुमा संलग्न राखेको छु।

अन्तमा, आ.व २०७७।०७८ को राजस्व र व्ययको अनुमान तर्जुमामा सहयोग पुऱ्याउने र रचनात्मक सुझावहरु दिनुहुने राजनीतिक दल, जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, गैरसरकारी संस्था, शिक्षक, बुद्धिजिवी, समाजसेवी लगायत सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै प्रस्तुत बजेटको कार्यान्वयमा समेत रचनात्मक सहयोगको अपेक्षा गर्दछु।

धन्यवाद ।